**फोहर मैला (प्रबन्ध तथा श्रोत परिचालन) ऐन, २०४४**

लालमोहर र प्रकाशन मिति

२०४४।७।१

संशोधन गर्ने ऐन

फोहर मैला (प्रबन्ध तथा श्रोत परिचालन)

(पहिलो संशोधन) ऐन, २०४९ २०४९।७।६

## २०४४ सालको ऐन नं. २३

## फोहर मैला प्रबन्ध तथा श्रोत परिचालन गर्ने व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : फोहर मैला प्रबन्ध र तत्सम्बन्धी श्रोतको परिचालन गर्न तथा फोहर मैलाद्वारा हुने प्रदुषणबाट सर्वसाधारण जनताको स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१.१ **संक्षिप्त नाम र प्रारम्भ** :

१.१.१ यस ऐनको नाम "फोहर मैला (प्रबन्ध तथा श्रोत परिचालन) ऐन, २०४४" रहेको छ ।

१.१.२ यो ऐन काठमाडौं, ललितपुर र भक्तपुर नगर पालिका क्षेत्रहरुमा तुरुन्त प्रारम्भ हुनेछ र अन्यत्र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

१.२ **परिभाषा :**

१.२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

१.२.१.१ "केन्द्र" भन्नाले दफा २.१ बमोजिम स्थापना भएको फोहर मैला प्रबन्ध तथा श्रोत परिचालन केन्द्र सम्झनु पर्छ ।

१.२.१.२ “समिति” भन्नाले दफा ३.३ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्छ ।

१.२.१.३ “योजना” भन्नाले केन्द्रद्वारा सञ्चालन हुने फोहर मैला प्रबन्ध तथा श्रोत परिचालन सम्बन्धी योजना सम्झनु पर्छ ।

१.२.१.४ “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

१.२.१.५ “महा-प्रबन्धक” भन्नाले उपदफा ३.६.१ बमोजिम नियुक्त भएको केन्द्रको महा-प्रबन्धक सम्झनु पर्छ ।

१.२.१.६ “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

१.२.१.७ “निरीक्षण अधिकृत” भन्नाले उपदफा ३.७.१ बमोजिम नियुक्त भएको निरीक्षण अधिकृत सम्झनु पर्छ ।

१.२.१.८ “फोहर मैला” भन्नाले प्रयोग हुन नसक्ने अवस्थामा रहेका वा फालिएका वा समय-समयमा केन्द्रले फोहर मैला भनी तोकिदिएको पदार्थ सम्झनु पर्छ ।

१.२.१.९ “हानिकारक फोहर मैला” भन्नाले संक्रामक वा सरुवा रोग लागि वा अन्य कुनै पनि किसिमले स्वास्थ्यलाई हानि पुऱ्याउने फोहर मैला सम्झनु पर्छ ।

१.२.१.१० “फोहर मैला थुपार्ने ठाउँ” भन्नाले फोहर मैला फाल्न, राख्न वा थुपार्न केन्द्रले तोकेको ठाउँ वा क्षेत्र सम्झनु पर्छ ।

१.२.१.११ “प्रदूषण” भन्नाले फोहर मैलाबाट निष्काशित ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट प्रत्यक्ष वा अप्रत्यक्ष तवरले वातावरणमा रहेको भौतिक, रासायनिक, जैविक तथा विकिरण तत्वलाई र मानिस, पशुपंक्षी, जीवजन्तु, जलचर वा विरुवालाई अवाञ्छित रुपमा परिवर्तन गर्ने वा घातक हुने अवस्थालाई सम्झनु पर्छ ।

१.२.१.१२ “कण्टेनर” भन्नाले फोहर मैला फाल्ने, राख्ने वा थुपार्ने प्रयोजनको लागि केन्द्रले उपलब्ध गराएको वा तोकेको कुनै उपकरण तथा यस्तै अन्य वस्तु सम्झनु पर्छ ।

१.२.१.१३ "पुनःप्रयोग" भन्नाले सङ्कलित फोहर मैलालाई पुनः उपयोगी पदार्थमा परिणत गर्ने कार्य सम्झनु पर्छ ।

१.२.१.१४ "स्थानान्तर केन्द्र" भन्नाले संकलित फोहर मैला अन्तिम रुपमा तह लगाउने ठाउँमा वा उत्पादन क्षेत्रमा लैजानु अघि थुपार्नको लागि केन्द्रले तोकेको ठाउँ सम्झनु पर्छ ।

१.२.१.१५ "फोहर मैला सङ्कलन साधन" भन्नाले फोहर मैला सङ्कलन गर्न प्रयोगमा ल्याईने उपकरण सम्झनु पर्छ ।

१.२.१.१६ "उत्पादन क्षेत्र" भन्नाले मल वा अन्य वस्तु उत्पादन गर्ने कार्य सञ्चालन गर्न केन्द्रले तोकेको ठाउँ सम्झनु पर्छ ।

१.२.१.१७ "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## केन्द्रको स्थापना र व्यवस्था

२.१ **केन्द्रको स्थापना** :

२.१.१ फोहर मैला प्रबन्ध एवं तत्सम्बन्धी स्रोतको परिचालन गर्नको लागि फोहर मैला प्रबन्ध तथा श्रोत परिचालन केन्द्रको स्थापना हुनेछ ।

२.१.२ केन्द्रलाई अंग्रेजीमा "सलिड वेष्ट म्यानेजमेन्ट एण्ड रिसोर्स मोविलाईजेशन सेन्टर" भनिनेछ ।

२.१.३ केन्द्रको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

२.२ **केन्द्र स्वशासित संस्था हुने :**

२.२.१ केन्द्र अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

२.२.२ केन्द्रको काम कारवाहीको निमित्त आफनो एउटा छुट्टै छाप हुनेछ ।

२.२.३ केन्द्रले व्यक्ति सरह चल, अचलसम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

२.२.४ केन्द्रले व्यक्ति सरह आफनो नामबाट नालिस उजूर गर्न र केन्द्र उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

# परिच्छेद - ३

## केन्द्रको काम, कर्तव्य र अधिकार

३.१ **केन्द्रको काम कर्तव्य** :

३.१.१ केन्द्रको काम कर्तव्य देहाय बमोजिम हुनेछ :-

३.१.१.१ योजना कार्यान्वयन सम्बन्धमा नीति निर्धारण गर्ने,

३.१.१.२ योजना कार्यान्वयन भए नभएको रेखदेख गर्ने र सो अनुसार आवश्यक निर्देशन दिने,

३.१.१.३ फोहर मैला नियन्त्रण गर्न आधारभूत निर्माण एवं मर्मत सम्भार कार्य गर्ने र सो सम्बन्धमा आवश्यक परेमा सम्बन्धित नगरपालिकाको सहयोग लिने,

३.१.१.४ फोहर मैला फाल्ने, राख्ने वा थुपार्ने प्रयोजनको लागि कण्टेनर सेवा उपलब्ध गराउने वा त्यसको लागि उपयुक्त ठाउँ तोकि दिने,

३.१.१.५ सङ्कलित फोहर मैलालाई स्थानान्तर केन्द्र, फोहर मैला अन्तिम रुपमा तह लगाउने ठाउँ वा उत्पादन क्षेत्रमा लैजान उचित ढुवानीको व्यवस्था गर्ने,

३.१.१.६ फोहर मैलालाई प्रदूषणमुक्त हुने गरी निष्काशन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

Π३.१.१.७ सङ्कलित फोहर मैलाबाट बृकेट, प्राङ्गारिक (कम्पोस्ट) मल वा उर्जा शक्ति (बायो ग्याँस) उत्पादन गर्ने,

३.१.१.८ सङ्कलित फोहर मैलालाई पुनः प्रयोगको लागि उपयोगी हुने रुपमा प्रयोग गरी परिचालन गर्ने व्यवस्था गर्ने,

Π३.१.१.९ फोहर मैला प्रबन्ध तथा नियन्त्रण गर्ने सम्बन्धमा कुनै व्यक्ति, संस्था वा निकायलाई प्राविधिक सल्लाह वा अन्य आवश्यक सहयोग प्रदान गर्ने,

Π३.१.१.१० हानिकारक फोहर मैलाको वर्गीकरण गरी त्यसको निवारण गर्ने, गराउने,

---

Π पहिलो संशोधनद्वारा संशोधित ।

Π पहिलो संशोधनद्वारा संशोधित ।

Π पहिलो संशोधनद्वारा संशोधित ।

३.१.१.११ फोहर मैला प्रबन्ध, नियन्त्रण तथा श्रोत परिचालन गर्ने आवश्यक अध्ययन अनुसन्धान गर्ने गराउने,

[Π]३.१.१.१२ साना तिना फोहर तथा कसिङरहरु फयाँक्ने प्रयोजनको लागि ठाउँ ठाउँमा भाँडो राख्न कसैले अनुरोध गरेमा आवश्यक सहयोग गर्ने गराउने,

३.१.१.१३ आवश्यकतानुसार सार्वजनिक शौचालय, पशुवधशाला, स्नानगृह आदिको व्यवस्था गर्ने,

[θ]३.१.१.१४ फोहर मैलाको व्यवस्थापन तथा वातावरणीय सफाई सम्बन्धी तालीम प्रदान गर्ने, गराउने ।

३.१.१.१५ फोहर मैला तह लगाउने तथा नियन्त्रण गर्ने कार्यको सम्बन्धमा स्थानीय व्यक्तिहरुलाई सहभागी बनाउन आम सञ्चारको माध्यमद्वारा प्रचार प्रसार गर्ने ।

३.१.१.१६ विभिन्न निकायहरुका बीच आवश्यक समन्वय सामान्जस्य कायम गराउने ।

३.१.१.१७ यस ऐनको उद्देश्य पूर्तिको लागि अन्य आवश्यक कार्य गर्ने, गराउने ।

३.२ **केन्द्रको अधिकार** :

[θ]३.२.१ केन्द्रको अधिकार देहाय बमोजिम हुनेछ :-

३.२.१.१ स्वदेशी संस्था वा बैंकबाट ऋण लिने,

३.२.१.२ विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट ऋण लिने,

३.२.१.३ सरसफाईसम्बन्धी सेवा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायबाट निर्धारित शुल्क असूल गर्ने,

३.२.१.४ संकलित फोहर मैलाबाट तयार गरिएको बृकेट, प्राङ्गरिक (कम्पोष्ट) मल वा उर्जा शक्ति (बायो ग्याँस) बिक्री वितरण गर्ने,

३.२.१.५ फोहर मैलालाई पुनः प्रयोग गर्ने वस्तुको रुपमा परिणत गर्ने,

३.२.१.६ फोहर मैलाको व्यवस्थापन तथा वातावरणीय सफाई सम्बन्धी तालीम वा सेवा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायबाट निर्धारित शुल्क असूल गर्ने,

---

Π पहिलो संशोधनद्वारा संशोधित ।

θ पहिलो संशोधनद्वारा संशोधित ।

θ पहिलो संशोधनद्वारा संशोधित ।

३.२.१.७यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आफनो कार्य पूरा गर्नको लागि आवश्यक अन्य काम गर्ने, गराउने ।

३.२.२ उपदफा ३.२.१.२ बमोजिमको अधिकारको प्रयोग गर्दा केन्द्रले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३.३ **संचालक समितिको गठन** :

३.३.१ केन्द्रको सम्पूर्ण काम कारवाहीको सञ्चालन, रेखदेख तथा प्रबन्ध गर्नको लागि एक सञ्चालक समिति गठन हुनेछ ।

३.३.२ यस ऐनमा अन्यत्र अन्य व्यवस्था भएकोमा बाहेक सञ्चालक समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही केन्द्रलाई भएको सबै अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

θ३.३.३ संचालक समितिमा देहायका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| ३.३.३.१ | नेपाल सरकारबाट नियुक्त वा तोकेको व्यक्ति | - अध्यक्ष |
| ३.३.३.२ | प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| ३.३.३.३ | प्रतिनिधि, स्थानीय विकास मन्त्रालय | - सदस्य |
| ३.३.३.४ | प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय | - सदस्य |
| ३.३.३.५ | प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| ३.३.३.६ | सदस्य-सचिव, काठमाडौं उपत्यका नगर विकास समिति | - सदस्य |
| ३.३.३.७ | महाप्रबन्धक, नेपाल खानेपानी संस्थान | - सदस्य |
| ३.३.३.८ | काठमाडौं नगरपालिकाको प्रमुख वा निजले मनोनयन गरेको सदस्य | - सदस्य |
| ३.३.३.९ | ललितपुर नगरपालिकाको प्रमुख वा निजले मनोनयन गरेको सदस्य | - सदस्य |
| ३.३.३.१० | भक्तपुर नगरपालिकाको प्रमुख वा निजले मनोनयन गरेको सदस्य | - सदस्य |
| ३.३.३.११ | महाप्रबन्धक, | |

θ पहिलो संशोधनद्वारा संशोधित ।

फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र - सदस्य-सचिव

३.३.४ [θ]समितिको अध्यक्षको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजलाई पुनः नियुक्त गर्न सकिनेछ।

३.३.५ नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

३.३.६ समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

३.४ **समितिको बैठक र निर्णय** :

३.४.१ समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ।

३.४.२ समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

३.४.३ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

३.४.४ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

३.४.५ समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

३.४.६ समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

३.५ **अध्यक्षको सेवा शर्त तथा सुविधा सम्बन्धी व्यवस्था** : अध्यक्षको सेवा शर्त तथा सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३.६ **महाप्रबन्धकको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था** :

३.६.१ महा-प्रबन्धकको नियुक्ति नेपाल सरकारबाट हुनेछ।

३.६.२ महा-प्रबन्धक केन्द्रको मुख्य प्रशासकीय अधिकारी हुनेछ र समितिको निर्णयहरु कार्यान्वयन गर्ने तथा केन्द्रको काम कारवाहीको रेखदेख र नियन्त्रण गर्ने सम्पूर्ण अधिकार तथा कर्तव्य महा-प्रबन्धकको हुनेछ।

३.७ [θ]**निरीक्षण अधिकृत नियुक्त वा तोक्न सक्ने** :

---

θ पहिलो संशोधनद्वारा संशोधित।

θ पहिलो संशोधनद्वारा संशोधित।

३.७.१ फोहर मैला नियन्त्रण गर्ने कार्य प्रभावकारी ढङ्गले सञ्चालन गर्न केन्द्रले आवश्यकतानुसार निरीक्षण अधिकृतहरु नियुक्त गर्न सक्नेछ [ω]वा केन्द्रका कुनै अधिकारीलाई निरीक्षण अधिकृत भई काम गर्न तोक्न सक्नेछ ।

३.७.२ निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

३.७.२.१ दफा ४.७ बमोजिम गठित निरीक्षण टोलीको प्रमुख भई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम फोहर मैला नियन्त्रण तथा प्रबन्ध गर्ने कार्य भइरहेको छ वा छैन भन्ने कुरा ठाउँ ठाउँमा गई निरीक्षण गर्ने,

३.७.२.२ दफा ५.१ बमोजिम मनाही गरिएको काम कारवाही कसैले गरेको देखेमा सम्बन्धित व्यक्तिलाई कारवाही गर्ने,

३.७.२.३ फोहर मैला प्रबन्ध तथा नियन्त्रण गर्ने कार्य सुचारु रुपले भईरहेको छ वा छैन भन्ने सम्बन्धमा आफूले निरीक्षण गर्दा देखेको कुराको प्रतिवेदन समय समयमा केन्द्रलाई दिने,

३.७.२.४ केन्द्रले तोकेको अन्य काम गर्ने, गराउने ।

३.८ **निरीक्षण अधिकृत तोक्न सक्ने** : यस ऐन बमोजिम निरीक्षण अधिकृतले गर्नु पर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गर्न केन्द्रले कुनै अधिकारीलाई सम्बन्धित विभागीय प्रमुखको स्वीकृति लिई निरीक्षण अधिकृत तोक्न सक्नेछ ।

३.९ **उप-समितिहरु गठन गर्न सक्ने** :

३.९.१ केन्द्रले सफाई सम्बन्धी कार्य सञ्चालन गरी फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन गर्न आवश्यकतानुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्नेछ ।

३.९.२ उप-समितिहरुको काम, कर्तव्य, अधिकार तथा काम गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३.९.३ विभिन्न उप-समितिहरुमध्ये कुनै एक उप-समितिलाई केन्द्रले उपदफा ५.२.५ बमोजिमको कार्य गर्न समेत तोकिदिनेछ ।

---

ω पहिलो संशोधनद्वारा थप ।

## परिच्छेद - ४

## फोहर मैला प्रबन्ध तथा नियन्त्रण

४.१ **सम्बन्धित निकायको दायित्व** : दुर्घटना भई वा कालगतिले मृत्यु भई कुनै सार्वजनिक स्थान, सडक वा फोहर मैला थुपार्ने ठाउँमा कण्टेनरमा कुनै लाश, सिनो परिराखेको वा फालिराखेको कुराको जानकारी केन्द्र, निरीक्षण टोली वा निरीक्षण अधिकृतलाई प्राप्त भएमा सम्बन्धित केन्द्र टोली वा अधिकृतले त्यसरी परिराखेको लाश वा सिनोको सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नु पर्ने कारवाही गर्ने दायित्व भएका सम्बन्धित अधिकारीलाई सूचना गर्नु पर्नेछ र त्यसरी सूचना प्राप्त गरेपछि सम्बन्धित अधिकारीले पनि त्यस्तो लाश वा सिनोको सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्ने कारवाही यथाशीघ्र गरी केन्द्र, निरीक्षण टोली वा निरीक्षण अधिकृतलाई सूचना गर्नु पर्नेछ ।

४.२ **केन्द्रले फोहर मैला प्रबन्ध गर्न आदेश दिन सक्ने :**

४.२.१ केन्द्रले कुनै औद्योगिक वा व्यापारिक प्रतिष्ठान वा कुनै संस्था, निकाय वा व्यक्तिको घर कम्पाउण्डमा जम्मा भएको फोहर मैलाबाट सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने देखेमा त्यस्तो हानिकारक फोहर मैला सफा गर्न लगाई त्यहाँको फोहर मैला तोकेको ठाउँमा Ç याँक्न, सम्बन्धित प्रतिष्ठान, संस्था, निकाय वा व्यक्तिलाई आदेश दिन सक्नेछ ।

४.२.२ उपदफा ४.२.१ बमोजिमको फोहर मैला सम्बन्धित प्रतिष्ठान, संस्था निकाय वा व्यक्ति आफैले सफा गर्न वा फाल्न सक्ने अवस्था नभई केन्द्रलाई अनुरोध गरेमा केन्द्रले लाग्ने सेवा शुल्क लिई त्यस्तो फोहर मैला हटाउने वा सफा गर्न व्यवस्था गर्न सक्नेछ ।

४.३ **फोहर मैला निष्काशनमा निषेध** : केन्द्रले वा निरीक्षण अधिकृतले केन्द्रको स्वीकृति लिई सार्वजनिक हित र सुविधालाई ध्यानमा राखी कुनै सार्वजनिक ठाउँ वा कुनै व्यक्तिको निजी स्वामित्व भएको ठाउँमा हानिकारक फोहर मैला राख्न, फाल्न, गाड्न, पोल्न वा कुनै पनि किसिमबाट सञ्चय, निष्काशन वा नष्ट गर्न निषेध गर्न सक्नेछ ।

४.४ **फोहर मैलामा केन्द्रको हक हुने** :

४.४.१ फोहर मैला थुपार्ने ठाउँ, कण्टेनर, फोहर फाल्ने भाँडो वा केन्द्रले उपलब्ध गराएको साधनमा फालिएको वा राखिएको फोहर मैला वा सफाईको सिलसिलामा

जम्मा भएको फोहर मैलाको प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग वा चलन गर्ने हक केन्द्रको हुनेछ ।

४.४.२ यस दफाको प्रयोजनको लागि केन्द्रले तोकेको ठाउँ, कण्टेनर, फोहर फाल्ने भाँडो वा केन्द्रले उपलब्ध गराएको अन्य साधनमा रहेको वा सफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहर मैला मानिनेछ ।

४.५ **अनुमति लिनु पर्ने** : कुनै औद्योगिक वा व्यापारिक प्रतिष्ठान वा कुनै संस्था, निकाय वा व्यक्तिले फालेको, पुनः प्रयोग गर्न सकिने खालका वा अन्य कुनै किसिमका फोहर मैलाहरु सङ्कलन गरी प्रबन्ध गर्न चाहेमा केन्द्रको अनुमति लिनु पर्नेछ ।

४.६ **अनुमति दिनु पर्ने** : दफा ४.५ बमोजिम केन्द्रले फोहर मैलाको प्रबन्ध गर्ने अनुमति दिंदा सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने नपर्ने कुराको जाँचबुझ गरी प्रतिकूल प्रभाव नपर्ने ठहर्‍याएमा मात्र तोकिए बमोजिमको दस्तूर लिई अनुमति दिन सक्नेछ ।

४.७ **निरीक्षण टोली** :

४.७.१ फोहर मैला व्यवस्थित तथा नियन्त्रित भइरहेको छ वा छैन भन्ने कुरो दैनिक रुपमा निरीक्षण गर्न निरीक्षण अधिकृतको संयोजकत्वमा केन्द्रका कर्मचारी, प्रहरी तथा गाउँ विकास समिति वा नगरपालिकाका कर्मचारीहरु समेत रहने गरी केन्द्रले आवश्यकतानुसार निरीक्षण टोली गठन गर्न सक्नेछ ।

४.७.२ उपदफा ४.७.१ बमोजिम गठित निरीक्षण टोलीले निरीक्षण गर्दा दफा ५.१ विपरीतको काम कारवाही कसैले गरेको फेला परेमा वा त्यस्तो काम कारवाही कसैबाट हुन गएको वा भएको सबूद प्रमाण भेट्टाएमा निजलाई निरीक्षण अधिकृतले दफा ५.२ बमोजिम सजाय गर्न सक्नेछ ।

४.८ **समन्वय र दायित्व** :

४.८.१ यस ऐन बमोजिम फोहर मैला प्रबन्ध सम्बन्धी काम कारवाही गर्दा केन्द्रले गाउँ विकास समिति वा नगरपालिकासंग समन्वयराखी काम गर्नु पर्नेछ ।

४.८.२ केन्द्रले गर्ने फोहर मैला प्रबन्ध सम्बन्धमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको दायित्व देहाय बमोजिम हुनेछ :-

४.८.२.१ केन्द्रसित समन्वय राखी आ-आफनो क्षेत्रभित्र सरसफाई सम्बन्धी नियमित व्यवस्था गर्ने,

४.८.२.२ आफनो क्षेत्रभित्र सफाई गरिसकेपछि सङ्कलन हुने फोहर मैलालाई कण्टेनरमा राख्ने वा स्थानान्तर केन्द्रमा पुऱ्याउने,

४.८.२.३ प्रत्येक वडामा फोहर मैला निष्काशन र ढुवानी कार्यको निरीक्षण गर्ने, गराउने,

४.८.२.४ फोहर मैलाको समुचित निष्काशन तथा प्रबन्धको लागि केन्द्रलाई आवश्यक सहयोग गर्ने ।

४.९ **<u>प्रदुषण हुन नदिने</u>** : केन्द्रले कुनै ठाउँमा वा सार्वजनिक स्थल वा जनसाधारणले आवास गरेको क्षेत्रमा फोहर मैलाको कारणबाट मानव, पशुपंक्षी, बोटविरुवा तथा अन्य चिज वस्तुलाई हावा-पानी, माटोको प्रदुषणले प्रतिकूल असर पारेमा वा पार्ने भएमा प्रदुषण निवारणको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद - ५

## निषेध र दण्ड सजाय

५.१ **काम कारवाही गर्न मनाही** :

५.१.१ कसैले पनि देहायमा लेखिएको कुनै काम कारवाही गर्न वा गर्न लगाउन हुँदैन :-

५.१.१.१ कण्टेनर वा फोहर मैला थुपार्ने ठाउँ बाहेक अन्य सार्वजनिक स्थानमा फोहर मैला फाल्न, राख्न वा थुपार्न,

५.१.१.२ कागजको टुक्रा, चुरोट बिडीका ठुटा, फलफूल वा बदामको बोक्रा, लुगाफाटा, सागपातको टुक्रा जस्ता सानातिना फोहरहरु फोहर फाल्ने भाँडोमा नराखी जथाभावी अन्य सार्वजनिक स्थानमा फाल्न,

५.१.१.३ सडक वा अन्य सार्वजनिक स्थानमा दिसा पिसाब गर्न गराउन वा फाल्न,

५.१.१.४ सडक वा अन्य सार्वजनिक स्थानमा जथाभावी किसिमले पसल राखी फोहर गर्न,

५.१.१.५ सडक वा सार्वजनिक स्थानमा कुनै पनि किसिमको दोपाया चौपाया बध गरी फोहर गर्न,

५.१.१.६ सडक वा अन्य सार्वजनिक स्थानमा माछा सफा गर्न वा सडे-गलेका फलफूल वा सागसब्जी तथा अन्य चीजवस्तु फाली फोहर गर्न,

५.१.१.७कण्टेनर वा फोहर मैला थुपार्ने ठाउँमा राखिएको फोहर मैला अनाधिकृत तवरले प्रयोग गर्न त्यहाँबाट हटाउन वा कुनै प्रकारले नष्ट गर्न,

५.१.१.८ सडक वा अन्य सार्वजनिक स्थानमा सर्वसाधारणको आवागमनमा बाधा पुग्ने गरी कुनै पनि किसिमको निर्माण सामग्री वा अन्य चीज वस्तु राख्न वा थुपार्न,

५.१.१.९केन्द्रले तोकेको ठाउँमा बाहेक अन्य ठाउँमा मरेको पशुपंक्षी राख्न वा फाल्न,

५.१.१.१० दफा ४.५ बमोजिम लिनु पर्ने अनुमति नलिई फोहर मैला प्रबन्ध गर्न वा अनुमति लिएको भए पनि अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लंघन गर्न,

५.१.१.११ फोहर फाल्ने, भाँडो, कण्टेनर वा फोहर मैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको ग्यांस, तरल पदार्थ फाल्न राख्न वा थुपार्न,

५.१.१.१२ सेप्टीक ट्याङ्कबाट निस्कने फोहोर जथाभावि वाहिर निष्काशन गर्न,

५.१.१.१३ अन्य व्यक्तिको घरको सेप्टीक ट्याङ्कबाट फोहर निकाली सडक वा अन्य सार्वजनिक स्थानमा फाल्न,

५.१.१.१४ अन्य व्यक्तिको घरको फोहर सङ्कलन गरी सडक वा अन्य सार्वजनिक स्थानमा फाल्न,

५.१.१.१५ सडक वा अन्य सार्वजनिक स्थानमा सर सफाई तथा फोहर मैला सङ्कलन गर्न केन्द्रले तोकेको समयमा वा सफाई गर्दाको अवस्थामा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारीको साधन बिसाउन वा बिसाई राखेको सवारी साधन त्यहाँबाट हटाउन इन्कार गर्न,

५.१.१.१६ अस्पताल, नसिर्ङ होम, निजी क्लिनिक वा डिस्पेन्सरीबाट निस्कने फोहर सडकमा वा अन्य सार्वजनिक स्थानमा जथाभावी फाल्न, राख्न वा निष्काशन गर्न,

५.१.१.१७ सर्वसाधारण जनताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी [ω]केन्द्रले तोकेको ठाउँमा बाहेक सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहर मैला राख्न, फाल्न थुपार्न वा निष्काशन गर्न,

५.१.१.१८ औद्योगिक प्रतिष्ठानले उद्योगबाट निस्केका फोहर मैला जथाभावी फाल्न, राख्न वा निष्काशन गर्न,

५.१.१.१९ यस ऐन बमोजिम गरिएको फोहर मैला नियन्त्रण गर्ने काममा बाधा विरोध गर्न ।

[ω]५.१.१.२० केन्द्रले तोकेको विशेष प्रकारका फोहर मैलाहरु केन्द्रले तोकेको ठाउँमा बाहेक कन्टेनर, सडक, फूटपाथ वा अन्य सार्वजनिक स्थानमा फाल्न वा थुपार्न ।

५.२ **सजाय** :

५.२.१ निरीक्षण अधिकृतले देहायको काम कारवाही गर्ने वा गराउनेलाई देहाय बमोजिम तत्काल जरिवाना गरी जरिवानाको रकम असूल गर्न सक्नेछ :-

५.२.१.१उपदफा ५.१.१.१ वा ५.१.१.२ विपरीत काम कारवाही गर्ने गराउनेलाई पचास रुपैयाँसम्म ।

५.२.१.२उपदफा ५.१.१.३ विपरीत काम कारवाही गर्ने गराउनेलाई एकसय रुपैयाँसम्म ।

५.२.१.३उपदफा ५.१.१.४ विपरीत काम कारवाही गर्ने गराउनेलाई [θ]पाँचसय रुपैयाँसम्म ।

५.२.१.४ उपदफा ५.१.१.५ वा ५.१.१.६ विपरीत काम कारवाही गर्ने गराउनेलाई एकसय पचास रुपैयाँसम्म ।

५.२.१.५ उपदफा ५.१.१.७ विपरीत काम कारवाही गर्ने गराउनेलाई पाँचसय रुपैयाँसम्म ।

५.२.१.६उपदफा ५.१.१.८ विपरीत काम कारवाही गर्ने गराउनेलाई तीनसय रुपैयाँसम्म ।

---

ω पहिलो संशोधनद्वारा थप ।

ω पहिलो संशोधनद्वारा थप ।

θ पहिलो संशोधनद्वारा संशोधित ।

५.२.१.७उपदफा ५.१.१.९ विपरीत काम कारवाही गर्ने गराउनेलाई एकसय पचास रुपैयाँसम्म ।

५.२.१.८ उपदफा ५.१.१.१० विपरीत काम कारवाही गर्ने गराउनेलाई एकहजार रुपैयाँसम्म ।

५.२.१.९ उपदफा ५.१.१.११ विपरीत काम कारवाही गर्ने गराउनेलाई एकसय रुपैयाँसम्म ।

५.२.१.१० उपदफा ५.१.१.१२ विपरीत काम कारवाही गर्ने गराउनेलाई एकहजार रुपैयाँसम्म ।

५.२.१.११ उपदफा ५.१.१.१४ वा ५.१.१.१५ विपरीत काम कारवाही गर्ने गराउनेलाई पाँचसय रुपैयाँसम्म ।

[ω]५.२.१.१२ उपदफा ५.१.१.२० विपरीत काम कारवाई गर्ने गराउनेलाई एकहजार रुपैयाँसम्म ।

५.२.२ उपदफा ५.२.१ बमोजिम जरिवाना गरेको रकम बुझाएपछि निरीक्षण अधिकृतले तत्काल सो जरिवाना बुझाए बापतको रसीद सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

५.२.३ उपदफा ५.२.१ बमोजिमको जरिवानाको रकम नबुझाउने व्यक्तिलाई निरीक्षण अधिकृतले चौबीस घण्टासम्म प्रहरी हिरासतमा राख्न आदेश दिन सक्नेछ र यसरी निरीक्षण अधिकृतले दिएको आदेश अनुसार सम्बन्धित व्यक्तिलाई सम्बन्धित प्रहरी कार्यालय, थाना चौकी वा पोष्टका प्रहरी कर्मचारीले थुनामा राख्नु पर्नेछ ।

५.२.४ निरीक्षण अधिकृतको आदेश बमोजिम थुनामा रहेका व्यक्तिहरुलाई केन्द्रले “ख” श्रेणीको सिधा खर्च दिनु पर्नेछ ।

५.२.५ उपदफा ३.९.३ बमोजिम तोकेको उप-समितिले देहायका काम कारवाही गर्ने गराउनेलाई देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :-

५.२.५.१ उपदफा ५.१.१.१६ विपरीत काम गर्ने गराउनेलाई एकसय पचास रुपैयाँसम्म ।

५.२.५.२ उपदफा ५.१.१.१७ वा ५.१.१.१८ विपरीत काम कारवाही गर्ने गराउनेलाई [θ]<u>एकहजार रुपैयाँसम्म</u> ।

---

ω पहिलो संशोधनद्वारा थप ।

५.२.५.३ उपदफा ५.१.१.१३ वा ५.१.१.१९ विपरीत काम कारवाही गर्ने गराउनेलाई पाँचहजार रुपैयाँसम्म ।

५.२.६ उपदफा ५.२.५ बमोजिमको जरिवानाको रकम सम्बन्धित पक्षले जरिवाना भएको सात दिनभित्र केन्द्रको कार्यालयमा बुझाउनु पर्नेछ ।

[ω]५.२क **आदेश उल्लंघन गर्नेलाई सजाय** : दफा ४.२ को उपदफा ४.२.१ बमोजिम केन्द्रको आदेश उल्लंघन गर्नेलाई केन्द्रले एकहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५.३ **सेवा शुल्क तथा जरिवानाको रकम कोषमा दाखिला गर्ने** : यस ऐन बमोजिम केन्द्रले लगाएको सेवा शुल्क तथा निरीक्षण अधिकृत र उप-समितिले गरेको जरिवानाको रकम तोकिए बमोजिम केन्द्रको कोषमा दाखिला गर्नु पर्नेछ ।

५.४ **सरकारी बाँकी सरह असूल उपर गर्ने** : यस ऐन बमोजिम लगाइएको सेवा शुल्क तथा उप-समितिले गरेको जरिवानाको रकम नबुझाउने पक्षबाट केन्द्रले त्यस्तो सेवा शुल्क तथा जरिवानाको रकम सरकारी बाँकी सरह असूल उपर गर्न सक्नेछ ।

५.५ **उपयुक्त कार्यविधि अपनाउनु पर्ने** : दफा ५.२ बमोजिम सजाय गर्दा निरीक्षण अधिकृत तथा उप-समितिले उपयुक्त कार्यविधि अपनाउने छ ।

५.६ **निर्णय अन्तिम हुने** : दफा ५.२ बमोजिम निरीक्षण अधिकृत वा उप-समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

५.७ **प्रहरीले सहयोग गर्नु पर्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि केन्द्रलाई सम्बन्धित प्रहरी कार्यालय, थाना, चौकी तथा पोष्टका प्रहरी कर्मचारीले सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद – ६

## कोष र लेखापरीक्षण

६.१ **केन्द्रको कोष** :

६.१.१ केन्द्रको एउटा आफनो छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

६.१.१.१ नेपाल सरकारबाट प्राप्त रकम,

६.१.१.२ सफाई सेवा शुल्कबाट प्राप्त रकम,

---

θ पहिलो संशोधनद्वारा संशोधित ।

ω पहिलो संशोधनद्वारा थप ।

६.१.१.३ यस ऐन बमोजिम असूल भएको जरिवानाको रकम,

६.१.१.४ आन्तरिक वा वाह्रय स्रोतबाट प्राप्त ऋण रकम,

६.१.१.५ अन्तर्राष्ट्रिय संघ-संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

६.१.१.६ अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

६.१.२ केन्द्रको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

६.१.३ केन्द्रको कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा नेपाल अधिराज्य भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

६.१.४ केन्द्रको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

६.२ **लेखा र लेखापरीक्षण** :

६.२.१ केन्द्रको आय-व्ययको लेखा तोकिएबमोजिम राखिनेछ ।

६.२.२ केन्द्रको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

६.२.३ नेपाल सरकारले चाहेमा केन्द्रको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद - ७

### विविध

७.१ **नेपाल सरकारले निर्देशन दिन सक्ने** :

७.१.१ नेपाल सरकारले फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन सम्बन्धमा केन्द्रलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

७.१.२ उपदफा ७.१.१ बमोजिम नेपाल सरकारले दिएको निर्देशनको पालन गर्नु केन्द्रको कर्तव्य हुनेछ ।

७.२ **जग्गा प्राप्त गर्ने** :

७.२.१ केन्द्रलाई देहायको प्रयोजनको लागि नेपाल सरकारले प्रचलित कानून बमोजिम आवश्यक जग्गा प्राप्त गराई दिन सक्नेछ ।

७.२.१.१ फोहर मैला फयाँक्न, थुपार्न वा त्यसको लागि कन्टेनर राख्ने ठाउँ, स्थानान्तर केन्द्र, फोहर मैला अन्तिम रुपमा तह लगाउने ठाउँ तथा उत्पादन क्षेत्रको व्यवस्था गर्न,

७.२.१.२ सर-सफाई सम्बन्धी अन्य सुविधाहरु उपलब्ध गराउन,

७.२.१.३स्रोत परिचालन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

७.३ **सेवा शुल्क लगाउने** :

θ७.३.१ केन्द्रले कुनै व्यक्ति, संस्था वा निकायलाई वा कुनै टोल वा ठाउँमा सफाई सेवा पुऱ्याएमा उक्त सेवा वापत सफाई सेवा शुल्क असूल गर्न सक्नेछ ।

७.३.२ कुनै व्यापारिक, औद्योगिक, धार्मिक वा सामाजिक संस्था वा कुनै विदेशी वा कुटनैतिक नियोग वा कुनै व्यक्तिले केन्द्रको सफाई सेवा प्राप्त गर्न चाहेमा केन्द्रले सफाई सेवा शुल्क लिई सफाई सेवा उपलब्ध गराउन सक्नेछ ।

७.३.३ कसैले उपदफा ७.३.१ र ७.३.२ बमोजिमको सफाई सेवा बाहेक केन्द्रबाट प्रदान गरिने अन्य कुनै सेवा उपलब्ध गर्न चाहेमा केन्द्रले ✂................ सेवा शुल्क लिई त्यस्तो सेवा प्रदान गर्न सक्नेछ ।

७.३.४ केन्द्रले प्रदान गर्ने सेवाहरु वापत लगाइने सेवा शुल्कको दर केन्द्रले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

७.४ **वार्षिक प्रतिवेदन :**

७.४.१ केन्द्रले प्रत्येक वर्ष लेखापरीक्षण समाप्त भएपछि लेखापरीक्षण प्रतिवेदन सहित देहायको विवरण खोली नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ :-

७.४.१.१ फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन सम्बन्धमा निर्धारित नीति कार्यान्वयनसम्बन्धी विवरण,

७.४.१.२ योजनाको वर्तमान प्रगति विवरण,

७.४.१.३ उपदफा ७.१.१ बमोजिम नेपाल सरकारबाट प्राप्त निर्देशनको कार्यान्वयनसम्बन्धी विवरण,

७.४.१.४ केन्द्रले उपयुक्त देखेको अन्य विवरण ।

७.५ **अधिकार प्रत्यायोजन** : यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार केन्द्रले आवश्यकतानुसार अध्यक्ष, महा-प्रबन्धक, सदस्य, निरीक्षण अधिकृत उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

---

θ पहिलो संशोधनद्वारा संशोधित ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

७.६ **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य पूर्तिका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

७.७ **विनियम बनाउने अधिकार** : आफनो कार्य सञ्चालनको लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही केन्द्रले आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

[ω]७.७क. **उद्योग दर्ताको जानकारी दिनु पर्ने** :

(१) फोहर मैलासंग सम्बन्धित उद्योग व्यवसाय दर्ता गर्ने व्यक्ति, संस्था वा निकायले तीन महीनाभित्र त्यसको जानकारी केन्द्रलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको उद्योग वा व्यवसायको लगत केन्द्रले अद्यावधिक गराई राख्नु पर्नेछ ।

७.८ **नेपाल सरकारसंग सम्पर्क** : केन्द्रले नेपाल सरकारसंग सम्पर्क राख्दा [θ]आवास तथा भौतिक योजना मन्त्रालय वा तोकिएको मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

७.९ **नेपाल सरकारले नगरपालिकालाई अधिकार सुम्पन सक्ने** : उपदफा १.१.२ बमोजिम नेपाल सरकारले तोकिदिएको क्षेत्रमा यस ऐन बमोजिम फोहर मैला प्रबन्ध गर्न केन्द्रलाई प्राप्त भएको अधिकार मध्ये सबै वा केही अधिकार सम्बन्धित नगरपालिकाले प्रयोग गर्न पाउने गरी नेपाल सरकारले सम्बन्धित नगरपालिकालाई सुम्पन सक्नेछ ।

७.१० **असल नियतले गरेको कामको बचाउ** : अध्यक्ष, महा-प्रबन्धक, सदस्य, समिति वा उप-समितिका सदस्य, निरीक्षण अधिकृत वा केन्द्रको कुनै कर्मचारीले यस ऐन बमोजिम आफनो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाहीमा निज व्यक्तिगत रुपमा जवाफदेही हुनेछैन ।

७.११ **बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अडकाउ हटाउन सक्नेछ ।

७.१२ **खारेजी र बचाउ** :

७.१२.१ फोहर मैला व्यवस्था समिति (गठन) आदेश, २०३८ खारेज गरिएको छ र सो आदेश बमोजिम गठित समितिको सबै चल तथा अचल सम्पत्ति केन्द्रमा सर्नेछ ।

---

ω पहिलो संशोधनद्वारा थप ।

θ पहिलो संशोधनद्वारा संशोधित ।

७.१२.२ उपदफा ७.१२.१ बमोजिमको समितिसित भए गरेका ठेक्का पट्टा तथा सम्झौताहरु केन्द्रसित भए गरेको मानिनेछ र सो समितिबाट भए गरेको सम्पूर्ण काम कारवाही केन्द्रबाट भए गरेको मानिनेछ ।

७.१३ प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।